**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १० गते बुधबार ❑ 26 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा बसपार्कका ३२५ परिवार भूमिहीन, बस्ती स्थानान्तरण अर्को हप्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भदौं



पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित प्रस्तावित पोखरा बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको अन्तिम विवरण टुङ्गो लागेको छ।

महानगरले बसपार्कमा बसोबास गरिरहेकालाई व्यवस्थापन गर्नका लागि निवेदन दिनका लागि सूचना गरेको थियो । त्यसपछि दाबी-विरोध, संशोधन निवेदन तथा आवश्यक छानबिनपछि वडा तहको सहजीकरण समितिले तयार पारेको विवरणअनुसार ३२५ परिवार भूमिहीनको सूचीमा परेका छन् भने २४२ परिवार अव्यवस्थित बसोबासी कायम भएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो।

उहाँका अनुसार प्रारम्भिक रूपमा भूमिहीन दलितका २००, भूमिहीन सुकुमबासीका २४८ र अव्यवस्थित बसोबासीका ११६ निवेदन प्राप्त भएका थिए। वडाले सार्वजनिक गरेको सूचनाअनुसार दाबी-विरोध तथा संशोधनका लागि प्राप्त निवेदनमाथि आवश्यक छानबिन र परीक्षण सम्पन्न भएपछि अन्तिम सूचीमा परिवर्तन गरिएको हो। अन्तिम विवरणअनुसार १४४ परिवार भूमिहीन दलित र १८१ परिवार भूमिहीन सुकुमबासी गरी कूल ३२५ परिवार भूमिहीन कायम भएका छन् । त्यस्तै, छानबिनपछि २४२ परिवार अव्यवस्थित बसोबासीको सूचीमा परेका छन् ।

वडा तहको सहजीकरण समितिले दाबी-विरोध र छानबिनपछिको अन्तिम विवरण वडा समितिसमक्ष सिफारिस गरेको छ । वडा समितिको बैठकले सहजीकरण समितिको प्रतिवेदनलाई नियमानुसार ग्रहण गर्दै आवश्यक सिफारिससहित पोखरा महानगरपालिकामा पठाउने निर्णय गरेको जनाएको छ।

महानगर प्रमुख आचार्यले बसपार्क क्षेत्रमा रहेका वास्तविक भूमिहीन तथा सुकुमबासी परिवारको व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो । अन्तिम विवरण टुङ्गो लागेसँगै अब महानगरपालिकाको कार्यपालिकाबाट आवश्यक निर्णय गरी जिल्ला समितिमा सिफारिस पठाइने उहाँले बताउनुभयो । "वास्तविक भूमिहीन, भूमिहीन दलित र सुकुमबासी परिवारको पहिचान गरी कानुनबमोजिम व्यवस्थापन गर्ने प्रक्रिया अब निर्णायक चरणमा पुगेको । हामी कसैलाई अन्याय नहोस् र वास्तविक पीडितले न्याय पाऊन् भन्ने उद्देश्यका साथ छानबिन र दाबी-विरोधको प्रक्रिया पूरा गरेका छौं ।" प्रमुख आचार्यले भन्नुभयो । अब पोखरा महानगरपालिकाको कार्यपालिकाले उक्त प्रतिवेदनमाथि छलफल गरी यसै साता जिल्ला समितिमा सिफारिस गर्ने तयारी गरेको छ । त्यसपछि बसपार्क क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमबासी तथा अन्य बसोबासी परिवारको व्यवस्थापन र स्थानान्तरण प्रक्रिया औपचारिक रूपमा अघि बढ्नेछ।

नगरप्रमुख आचार्यले प्रक्रिया समयमै सम्पन्न भएमा अर्को सातादेखि बसपार्क क्षेत्रको सुकुम्बासी बस्ती स्थानान्तरणको काम अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "महानगरपालिकाले सबै सरोकारवाला निकायसँग समन्वय गरेर व्यवस्थित रूपमा स्थानान्तरणको काम अघि बढाउँछ ।" बसपार्कभित्रका सुकुमबासीले भने निष्पक्ष छानबिन गरी वास्तविक सुकुमबासीको व्यवस्थापनमा आफूहरूले सघाउने प्रतिबद्धता जनाएका छन्। भूमिहीन सुकुमबासी सरोकार समितिका संयोजक प्रेम गुरुङले विकासका लागि सुकुमबासी बाधक नबन्ने र बसपार्क खाली गर्नुअघि आफूहरूको व्यवस्थापन हुनुपर्ने बताउनुभयो।

"हाम्रो कारणले मात्र बसपार्क बन्न नसकेको होइन। धेरै कारण छन् यसमा । हामी बसपार्क बनाउनका लागि महानगरलाई सहयोग गर्न तयार छौं । हाम्रो वैकल्पिक व्यवस्थापन पहिला हुनुपर्छ ।" गुरुङले भन्नुभयो । पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा जग्गा अधिग्रहण गरिएको थियो । योजना बनेको पाँच दशकसम्म बसपार्क नबन्दा पृथ्वीचोक क्षेत्रको सडकपेटी र फुटपाथबाट नै लामो तथा छोटो दूरीका बसहरू गन्तव्यका लागि छुट्ने बाध्यता थियो।

बसपार्कभित्रको जग्गा सुकुमबासी र अन्य केही व्यक्तिले अतिक्रमण गरेपछि बसपार्क बन्न सकेको थिएन । पछिल्लो समय महानगरले बसपार्कभित्रका व्यापारिक सटर कवलसमेत हटाएको छ। महानगरले बसपार्कको जग्गा खाली गरेपछि दातृ निकायको सहयोगमा सुविधासम्पन्न बसपार्क बनाउने योजना सार्वजनिक गरिसकेको छ।

## कांग्रेसको १५ औँ महाधिवेशन रोक्न निवेदन दर्ता

**रासस**
काठमाडौं, ९ भदौं

नेपाली कांग्रेसको १५ औँ महाधिवेशन रोक्न माग गर्दै मंगलबार सर्वोच्च अदालतमा निवेदन दर्ता गरिएको छ।

पार्टी पूर्वसभापति शेरबहादुर देउवा र तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आगामी असोजका लागि तय गरिएको महाविधेशन रोक्ने आदेश माग गर्दै निवेदन दायर गर्नुभएको हो। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आज कांग्रेको देउवा समूहले दायर निवेदनमा पूरक निवेदन दर्ता भएको हो। सो निवेदन उपर यही भदौ ११ गते सुनुवाइका लागि पेसी तोकिएको छ।

कांग्रेसको निर्वाचन समितिले १५ औँ महाधिवेशन आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुने कार्यतालिका सार्वजनिक गरेको छ । उक्त निर्णय रोक्न रिट निवेदन पेश गरिएको हो।

कांग्रेसको आधिकारिता विवादमा सर्वोच्च अदालतमा पुनः सुनुवाइ गर्न निस्सा (अनुमति) दिइएको छ। सोको टुङ्गो नलाग्दासम्म महाधिवेशन प्रक्रिया रोक्न रिट निवेदनमा माग गरिएको छ।

## अन्नपूर्णको विपद् व्यवस्थापन कोषमा दुई लाख ५० हजार सहयोग

**रासस**
काठमाडौं, ९ भदौं

कास्कीको अन्नपूर्ण गाउँपालिकामा विपद्बाट प्रभावितहरूको राहत र पुनःस्थापनाका लागि सञ्चालनमा ल्याइएको विपद् व्यवस्थापन कोषमा छोम्रोङ पर्यटन व्यवस्थापन समितिले सहयोग प्रदान गरेको छ।

अन्नपूर्ण-११ क्रियाशील रहेको समितिले मंगलबार गाउँपालिकालाई रु दुई लाख ५० हजार नगद सहयोग प्रदान गरेको हो । गाउँपालिकाका विभिन्न क्षेत्रमा आएको बाढीपहिरो तथा अन्य विपद्जन्य घटनाबाट प्रभावित क्षेत्रको पुनःनिर्माण, पीडित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि गाउँपालिकाले विपद् व्यवस्थापन कोष बनाएर सबैमा सहयोगको आह्वान गरेको छ।

गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले विपद्मा सहयोगी हातहरू बढ्दै गएको बताउनुभयो । उहाँले छिमेकी गाउँपालिकाहरूबाट समेत सहयोगको प्रतिबद्धता प्राप्त भएको बताउनुभयो।

अध्यक्ष केसीले बिरेठाँटीमा मोदीखोलाको कटानबाट जोखिममा परेको बस्तीको संरक्षण तथा क्षतिग्रस्त सडक पुनःनिर्माणको काम सोमबारदेखी सुरु भएको जानकारी दिनुभयो। मोदीखोलाको कटानका कारण बिरेठाँटी क्षेत्रको बस्ती र सडक संरचनामा जोखिम बढेपछि गण्डकी प्रदेश सरकार र गाउँपालिकाको अग्रसरतामा तत्काल संरक्षण तथा पुनःनिर्माणको काम अघि बढाइएको हो। बस्ती संरक्षणका लागि ग्याबिन जालीमा ढुङ्गा हालेर निर्माण सुरु गरिएको हो । निर्माण कार्यमा नेपाली सेनाका १०० जनाको जनशक्ति परिचालन गरिएको छ। बाढीका कारण मोदी खोलाले आफ्नो वहाब परिवर्तन गरी बस्तीतर्फ सोभिएपछि केही दिनअघि जेसिबीको सहायताले नदीलाई पूर्ववतस्थानमा फकाइएको थियो। सेनाको सहयोगमा ग्याबिन जाली निर्माणलाई तीव्रता दिँदै बस्तीको सुरक्षा गर्ने र अवरुद्ध बिरेठाँटी-घान्द्रुक तथा घोरेपानी सडकलाई यथाशीघ्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "विपद्जन्य घटनाका कारण गाउँपालिकाभित्रका सडक, पुल, होटललगायतका भौतिक संरचनामा ठूलो क्षति पुगेको छ। पालिका एक्लैको प्रयासले सम्भव नभएपछि विपद् व्यवस्थापनका लागि कोष बनाएर कठिन परिस्थितिमा प्रभावित परिवारको राहत, उद्धार र पुनःस्थापनाका लागि सबै व्यक्ति, सङ्घसंस्था तथा सरोकारवालालाई सहयोग गर्न अपिल गरेका छौं", अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा-दुबई उडान दिगा बनाउन पर्यटन व्यवसायीको अग्रसरता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भदौं

आगामी असोज ७ (सेप्टेम्बर २३) देखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन यहाँका पर्यटन व्यवसायीले चासो र अग्रसरता देखाएका छन् । नेपालका लागि संयुक्त अरब इमिरेटन्स (युएई) का राजदूत अब्दुल्लाह सइद मुबारक जरवान अल शाम्सीसँग भेट गरी व्यवसायीहरूले पोखरा-दुबई नियमित उडानबारे छलफल गरेका हुन्।

राजदूत अल शाम्सीसँगको भेटमा फ्लाई दुबईले सुरु गर्न लागेको पोखरा-दुबई उडान सेवाको निरन्तरता र दिगोपनाका विषयमा कुराकानी भएको भेटमा सहभागी पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । "पोखरा-दुबई उडानलाई कसरी प्रभावकारी र दिगो बनाउन सकिन्छ भन्नेमा हाम्रो मुख्य चासो थियो", उहाँले भन्नुभयो, "यसका लागि सबै पक्षबाट आवश्यक पहल र सहकार्य अगाडि बढाउने विषयमा छलफल भयो।"

राजदूत अल शाम्सीसँगको भेटमा नेपाल पर्यटन बोर्डका पूर्वबोर्ड सदस्य वासुदेव त्रिपाठी, होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीलगायत सहभागी थिए । केही समयअघि फ्लाई दुबईका नेपाल प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीबीच पनि पोखरामा सोही विषयमा छलफल भएको थियो । सो अवसरमा पोखरा-दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्त्वपूर्ण हुनेमा जोड दिइएको थियो । यो उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दा बढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत जेठमा फ्लाई दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो । यसबीचमा फ्लाई दुबईले उडान तालिम सार्वजनिक गरिसकेको छ। सुरुमा एक महनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाई दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ। सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको थियो।

विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्नेछ। सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

### आत्महत्या समस्याको समाधान होइनः

**आत्महत्याका प्रमुख कारणः**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिवी, वेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।


**रोकथामका लागिः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौ.
- तनात्र वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं.
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताओ वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजों"

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा असोज २ र ३ गते गण्डकी प्रदेशस्तरीय मिडिया कप फुटसल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

पोखरामा गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल प्रतियोगिता-२०८३' आयोजना हुने भएको छ।

कल्प मिडिया एण्ड मल्टिपर्पोज प्रालिको आयोजनामा प्रतियोगिता आगामी असोज २ र ३ गते पोखरा रंगशालास्थित मल्टिपर्पोज हलमा सञ्चालन हुने प्रालिका अध्यक्ष सुरज श्रेष्ठले बताउनु भयो । प्रतियोगितालाई पोखरा महानगरपालिका-१२ ले सहयोग गर्ने भएको छ । वडा नम्बर १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले प्रतियोगिता सफल बनाउन वडा कार्यालयको तर्फबाट सहयोग गर्ने सहमति भएको प्रालिले जनाएको छ । प्रतियोगितालाई सहयोग गर्न पाउँदा आफू गौरवान्वित भएको बताउँदै वडाध्यक्ष बास्तोलाले मिडिया कप फुटसललाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न आफ्नो साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रतियोगिताको तयारी तीव्र पारिएको जानकारी दिँदै अध्यक्ष श्रेष्ठले अन्य संघसंस्था तथा निकायसँग समेत साझेदारीका लागि छलफल भइरहेको बताउनु भयो । प्रतियोगिताको विजेताले नगद ५० हजार रुपैयाँसहित शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछ । उपविजेता टोलीले नगद ३० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल पाउने आयोजकले जनाएको छ।

त्यस्तै, व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट गोलकिपरलाई जनही ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । प्रतियोगिताका प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने 'म्यान अफ द म्याच' खेलाडीलाई १ हजार ५ सय रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा सहभागी हुने जिल्लाका टोलीलाई मायाको चिनो तथा प्रमाणपत्रसमेत प्रदान गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा सहभागी हुन इच्छुक टोलीले भदौ २० गतेभित्र टिम दर्ता गरिसक्नुपर्नेछ भने टिम दर्ता शुल्क ३ हजार रुपैयाँ तोकिएको छ।

गण्डकी प्रदेशका विभिन्न जिल्लामा क्रियाशील सञ्चारकर्मी तथा सञ्चारमाध्यमसँग आबद्ध खेलाडीबीच आपसी भाइचारा, सहकार्य र खेलकुदको माध्यमबाट स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ।

# यू-१९ एसिया कप र विश्वकपका लागि नेपालको प्रारम्भिक टोली घोषणा

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

काठमाडौँ, ९ भदौः आसन्न एसिया कप र आउँदो वर्ष आयोजना हुने आइसिसी यू-१९ महिला विश्वकपका लागि नेपालको प्रारम्भिक टोली घोषणा गरेको छ। नेपाल क्रिकेट सङ्घ (क्यान) ले मङ्गलबार सोनी पाख्रिनको कप्तानीमा २८ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको हो।

आगामी एसिया कप तथा सन् २०२६/२७ मा हुने यू-१९ महिला विश्वकपमा सहभागिता जनाउने नेपाली यू-१९ महिला राष्ट्रिय क्रिकेट टोलीको पहिलो चरणको क्याम्पका लागि २८ खेलाडी छनोट गरेको छ।

क्यानले अन्तिम टोली चाँडै घोषणा गर्नेछ । क्यान सचिव पारस खड्काका अनुसार प्रथम चरणको क्याम्पमा पर्नेहरूमा कप्तान सोनी पाख्रिन, प्रथा श्रेष्ठ, रचना चौधरी, चन्द्रमाया बराल, कुसुम गोदार, रञ्जना साउद, ज्योत्सिका मरासिनी, तिर्सना विश्वकर्मा, रिया शर्मा, प्रिन्सा राना मगर, टीका साह, पूर्णिमा राजवंशी, अञ्जिला पाठक रहेका छन्।

यस्तै, आशना चौधरी, सुप्रिया बुढा मगर, प्रतिमा साह, साक्षी यादव, आरती महतो, सावित्री धामी, मनीष चौधरी, जयन्ती भण्डारी, आशिकाकुमारी महरा, अन्जु पार्की, सोनाम जोशी, अनु कडायत, मनीयाकुमारी उपाध्याय, सना प्रवीण र अलिसाकुमार यादवले पनि बन्द प्रशिक्षणमा मौका पाएका छन्। उनीहरूमध्ये केही खेलाडीले सिनियर महिला टोलीको समेत प्रतिनिधित्व गरिसकेका छन्।

## फेवा प्रिन्स रेसिडेन्सीको वातावरणीय अध्ययन प्रतिवेदन उपर सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

फेवा प्रिन्स रेसिडेन्सीको वातावरणीय अध्ययन प्रतिवेदन उपर सार्वजनिक सुनुवाई सम्बन्धी **२०८३ भाद्र ३ गते**को पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनालाइ सोही स्थानमा **२०८३/०५/१५ गते बिहान ७ बजे** सार्वजनिक सुनवाई हुने गरी संसोधन गरिएको ब्यहोरा सरोकारवाला सबैलाई अनुरोध छ।

**आयोजक**
**सि.ई. कन्स्ट्रक्सन प्रा.लि.**
**काठमाण्डौ महानगरपालिका, वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौ**
ईमेलः info@ce-construction.com

## कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१३, बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५९०६७३

## १८ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८३/०५/०५ गते बसेको संचालक समितिको २९० औं बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा १८ औं साधारणसभा तपसिलका प्रस्तावहरु उपर बिस्तृत छलफल गरि निर्णय गर्न यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम तालिकाः**
**मिति : २०८३ साल, आश्विन १० गते, शनिवार।**
**समय : बिहान ११.३० बजेदेखि**
**स्थान : जनकल्याण समितिको भवन सिद्धकालिका स्थान, पोखरा १३ काँहुखोला**

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
२. संचालक समितिको तर्फबाट सचिवज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
३. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको आ.ब.२०८२/२०८३ को वित्तिय प्रतिबेदन तथा आ.व. २०८३/०८४ को बार्षिक बजेट प्रस्तुत।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत।
५. आ.ब. २०८२/८३ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा।
६. माथि उल्लेखित अध्यक्ष, सचिव, लेखा संयोजकको प्रतिवेदन तथा कोषाध्यक्षको प्रतिवेदन एवम् आ.व. २०८३/०८४ को बार्षिक बजेट उपर छलफल गरि पारित गर्ने।
७. शेयर लाभांश कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने।
८. संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने।
९. संस्थाको नीति, कार्यविधि संसोधन सम्बन्धमा।
१०. संस्थाको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ती बिक्री गर्ने अख्तियार प्रत्याजोन गर्ने सम्बन्धमा।
११. आर्थिक वर्ष २०८३/२०८४ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
१२. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट प्रतिनिधि चयन गर्ने।

(**नोट**ः शेयर सदस्यका छोराछोरीहरु मध्ये २०८२ सालको एसईई परीक्षामा र कक्षा १२ मा उत्कृष्ट छात्र/छात्रा १/१ जना, स्नातक र स्नातकोत्तरमा विशिष्ट श्रेणी प्राप्त गर्ने तथा एमफिल र पि.एच.डी. गर्ने शेयर सदस्य वा छोराछोरीहरु सबैलाई सम्मान गर्ने कार्यक्रम राखिएको हुँदा आश्विन ५ गतेभित्र कार्यालयमा सम्पर्क गरि लब्धाङ्क पत्र पेश गर्नुहोला।)

**संचालक समितिको आज्ञाले**
**कृष्ण बहादुर क्षेत्री (कुमार)**
**सचिव**

# कास्की जिल्लाका विकास तथा सेवा प्रवाह सम्वद्ध कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम



पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्ला भित्रका विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धित कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कास्की जिल्लाका विकास निर्माण सम्वद्ध १४ वटा र सेवा प्रवाह सम्वन्धि १४ वटा गरी कुल २८ वटा कार्यालहरुले आ व ०८२/८३ मा सम्पादित कार्यहरुको प्रगति सहितको प्रस्तुती गर्नु भएको थियो।

उक्त कार्यक्रममा मन्तव्य राख्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेलले विकास निर्माण तथा सेवा प्रवाह सम्वद्ध सरोकारका विषयमा छलफल तथा समस्याको समधानका लागि यो कार्यक्रम फलदायी रहेको कुरा राख्दै स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार जिल्ला समन्वय समितिले आयोजना गरेको यो वार्षिक प्रगति समिक्षा कार्यक्रममा जिल्लावाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रादेशिक माननीयज्यूहरुलाइ आमन्त्रण गरिएता पनि उहांहरु उपस्थित नभएकोमा गुनासो व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा प्रमुखले सवै विकास सम्वद्ध कार्यालयहरुले जनताको चाहना र भावना अनुसार विकास सम्वन्धि कार्यहरु अगाडी वढाउन र सम्पादित कार्यहरुमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न अनुरोध गर्नु भएको थियो।

उक्त कार्यक्रममा ८ गते विकास निर्माण सम्वद्ध खानेपानी तथा ढल व्यवस्थापन कार्यालय कास्की, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जा, खानेपानी संस्थान कास्की, मुग्लिङ्ग पोखरा पश्चिम सडक खण्ड, पुल सेक्टर आयोजन कार्यालय पोखरा, सडक डिभिजन कार्यालय पोखरा, सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा, जलस्रोत तथा सिंचाइ विकास कार्यालय कास्की, पूर्वधार विकास कार्यालय कास्की, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय कास्की, डिभिजन वन कार्यालय कास्की, नेपाल विधुत प्राधिकारण पोखरा भरतपुर वितरण प्रणाली सुदृढिकरण आयोजना, स्थानीय पूर्वधार विकास आयोजना कार्यालय, सडक पुल तथा प्रदेशिक भवन कार्यालय कास्कीले आ आफ्नो कार्यालयवाट सम्पादित कार्यहरुको प्रगति विवरण सहितको प्रस्तुती प्रस्तुत भएको थियो ।कार्यक्रममा विकास निर्माणमा मध्यपूर्वमा भएको युद्ध, पेट्रोलियम पदार्थको मूल्यवृद्धि, निर्माण समाग्रीको अभाव, जेन्जी आन्दोलन पश्चात भएको वजेट रोक्का, जनशक्तिको अभाव आदि कारणवाट विकास निर्माण कार्यमा निर्धारित लक्ष्य हासिल गर्न कठिनाइ भएको विषय विकास निर्माण सम्वद्ध कार्यालयहरुले प्रस्तुत गरेका थिए।

भने ९ गते विकास तथा सेवा प्रवाह सम्वद्ध भेटनरी अस्पताल तथा पशु सेवा कार्यालय कास्की, शिक्षा विकास तथा समन्वय इकाइ कास्की, यातायात व्यवस्था कार्यालय सवारी कास्की, प्रदेश कृषि प्रयोगशाला, भूमि प्रशासन कार्यालय कास्की, कृषि विकास कार्यालय कास्की, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सामाजिक सुरक्षा कोष, भूमि प्रशासन कार्यालय लेखनाथ, वृहत जलाधार व्यवस्थापन केन्द्र गण्डकी, श्रम तथा रोजगार कार्यालय पोखरा, प्रदेशिक जनस्वास्थ्य केन्द्र कास्की, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल पोखरा र नेपाल विधुत प्राधिकरण पोखरा वितरण केन्द्रवाट आ आफ्नो कार्यालयवाट सम्पादित कार्यहरुको प्रगति विवरण सहितको प्रस्तुती प्रस्तुत भएको थियो । प्रस्तुतीमा मुख्य गरी कानूनी प्रकृयागत समस्या, जनशक्तिको अभाव, जेन्जी आन्दोलनमा कार्यालमा भएको भौतिक क्षति पश्चात पुनर्निमाण नहुनु , प्रयाप्त वजेट अभाव आदि कारणवाट जन अपेक्षा अनुसार सेवा प्रवाहमा कठिनाइ रहेको विषय उठान भएको थियो।

विकास निर्माण तथा सेवा प्रवाह सम्वद्ध कार्यालयका कार्यालय प्रमुखहरु तथा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, अन्य सरोकारवालाहरु सहित करिव ९० जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा जनसरोकारका विषयहरुमा सहभागीहरुले विभिन्न जिज्ञासा तथा सुझाव प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै पोखरा चेम्वर अफ कमर्सका अध्यक्ष श्री उमराज वास्तोलाले यो समिक्षा कार्यक्रमले नीतिगत तथा व्यवहारगत कारणवाट आयोजना संचालनमा परेको अफ्ट्यारो फुकाउन सहयोग गरेको र विकास निर्माणका कार्यलाइ गति दिन निजी क्षेत्रको सधै साथ र सहयोग रहने विचार व्यक्त गर्नु भएको थियो । नागरिक समाज पोखराका अध्यक्ष राम वहादुर पौडेलले शुभकामना मन्तव्य राख्दै नागरिकलाइ सहज सेवा प्रावह र विकास निर्माण गर्ने कुरामा कुरामा नागरिक समाज सधै यहांहरुको साथमा रहेको तर गलत कामलाइ सधै भरी खवरदारी गर्ने कुरमा आफू पछि नहट्ने कुरा राख्दै जिल्ला समन्वय समितिकास्कीले कास्की जिल्लाको विकासमा सधै भरी अभिभावकीय भूमिका निर्वाह गरिरहेको र आगमी दिनमा पनि निरन्तरता दिन अनुरोध गर्नु भएको थियो । जिल्ला समन्वय समितिको सभाहलमा संचालन भएको उक्त कार्यक्रमको संचालन जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी नवराज वरालले गर्नु भएको जिल्ला समन्वय समिति कास्कीका सूचना अधिकारी श्री लक्ष्मु शर्माले जानकारी दिनुभयो।

## अन्नपूर्णको ...

केसीले भन्नुभयो। गाउँपालिकाले प्राप्त सहयोग रकमलाई विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यमा प्राथमिकताका साथ परिचालन गर्ने जनाएको छ।

अन्नपूर्णमा यस वर्ष बाढी र पहिराका कारणले बस्ती, सडक, पुल तथा अन्य निजी संरचनामा क्षति पुगेको छ। गत साउन २८ गतेको बाढीले अन्नपूर्ण-८ को बिरेठाँटी बजारमा कटान गर्दा बजार जोखिममा परेको छ । सोही स्थानमा बाढीले १०० मिटर सडक बगाउँदा बिरेठाँटी-घान्द्रुक सडक सम्पर्क टुटेको छ।

बाढीले बढी क्षति गरेको बिरेठाँटी पर्यटकीय क्षेत्र घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो । यसैगरी बीरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने भएकाले सडक अवरुद्ध हुँदा पर्यटकीय गतिविधि सुनसान बनेको छ भने स्थानीय जनजीवनसमेत प्रभावित बनेको छ।

## पोखरा ...

नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन। सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु सङ्ख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो। यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो।

पोखरा-दुबई उडानबाट पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधै पोखरा आउन सक्नेछन्।

वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पनि यो उडान सेवा लाभदायी हुने देखिएको छ।

विश्वकै व्यस्त र महत्त्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तर्राष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने जनाइएको छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ । काठमाडौँ केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझदा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# कर्मचारीको सल्लाह लेऊ

प्रधानमन्त्री बालेन्द्र शाहले शुरुमै सचिवहरूलाई कानुन नपढाउनोस मन्त्रीहरु पढेका छन।सचिव हरुले मन्त्रीलाई कानुनअनुसार निर्णय गर्न संझाउनु जायज सल्लाह थियो। जान्नेलाई छान्ने नारा दिएर जितेको राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मन्त्री हुने वित्तिकै कानुनका ज्ञाता हुँदैनन् । तर कर्मचारीले कानुनअनुसार गर्न नमिल्ने निर्णय गर्न सल्लाह दिनेलाई रोक्न खोज्नु अहंता हो। बेलैमा दिएको सल्लाहलाई पढाएको ठान्ने प्रधानमन्त्री र मन्त्रीले कर्मचारीको सल्लाह नलिइएको परिणाम अहिले भोग्नुपरेको छाबेलैमा दिइएको सल्लाह बेवास्ता गरिएको हो भने घमन्डले आफैंलाई कमजोर बनाउँछ । शक्तिशाली मानिसको सरकार अहिले कमजोर बन्दैछ।

कानुन केही होइन नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्षमा महेश्वरभक्त श्रेष्ठलाई सरकारले नियुक्त गरेको थियो । कानुनी प्रावधान मिचेर नियुक्त गरिएको ठहर गरी सर्वोच्च अदालतले श्रेष्ठको नियुक्ति बदर गरिदिएको छ। मन्त्रिपरिषद्को गत असार ३० को निर्णयअनुसार श्रेष्ठ निगमको कार्यकारी अध्यक्ष नियुक्त भएका थिए। नेपालको प्रचलित कानुनअनुसार कार्यकारी पदमा ६५ वर्षको उमेर नाघेको व्यक्तिलाई नियुक्त गर्न मिल्दैन। सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ३ (घ) र निगमको महाप्रबन्धक छनौटसम्बन्धी कार्यविधि, २०८२ मा महाप्रबन्धक पदका लागि ३५ वर्ष पूरा भई ६५ वर्ष उमेर ननाघेको व्यक्ति हुनुपर्ने व्यवस्था छ। श्रेष्ठलाई कार्यकारी अध्यक्ष नियुक्त गरी सरकारले महाप्रबन्धकको समेत कामकाज गर्नेगरी तोकेको थियो। यसैले उनलाई कार्यकारी पदमा नियुक्त गरिएको ठहर अदालतबाट भएको देखिन्छ । श्रेष्ठको नियुक्ति बदर हुनु चिन्ताको विषय होइन । तर, मन्त्रिपरिषद्ले यति सामान्य कानुनी प्रावधानमा पनि ध्यान नदिनु भने गम्भीर चिन्ताको विषय हो। मन्त्रीपरिषद्लाई नीतिगत र कार्यकारी निर्णय लिन सल्लाह दिन र त्यसको कार्यान्वयन गर्न नियमित सरकारी कर्मचारी हुन्छन् । गम्भीर कानुनी विषयमा सरकारलाई सल्लाह दिन त महान्यायाधिवक्ता पदको संवैधानिक व्यवस्था नै छ। यसैले पनि मन्त्रिपरिषद्बाट हुने निर्णयमा यस्ता त्रुटि हुनु स्वाभाविक मानिदैन।

प्रधानमन्त्री वालेन्द्र शाह कर्मचारी त के मन्त्रिपरिषद्कै सदस्यहरूको पहुँचमा हुँदैनन् र उनले सल्लाहकारहरूबाहेक अरूसँग परामर्श पनि गर्दैनन् भन्ने चर्चा निकै समयदेखि चल्दैआएको छ । उनको सरकारका निर्णयहरूमा देखिने प्राविधिक र कानुनी त्रुटिहरूले त्यस्तो हल्लालाई पुष्टि गर्दै लगेको पाइन्छ । श्रेष्ठको नियुक्ति बदरको घटनाले मुख्यसचिवलगायत मन्त्रिपरिषद्को कार्यालयको योग्यतामा पनि प्रश्न उठेको देखिन्छ । मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव नै आए पनि अन्त्यमा मुख्यसचिवले नै निर्णय प्रमाणित गर्नुपर्छ । त्यसअघि निर्णयको कानुनी त्रुटि प्रधानमन्त्रीलाई सम्झाउने काम भयो कि भएन । थाहा पाउँदापाउँदै पनि निर्णय गर्न लगाएका हुन् भने प्रधानमन्त्री शाहले आफ्नो निर्णय शैलीमा पुनर्विचार गर्नुपर्छ । जति नै नालायक र कामचोर लागे पनि स्थायी सरकार भनिने निजामती कर्मचारीलाई पन्छाएर होइन कजाएरै शासन चलाउनुपर्छ । समानान्तर शासन चलाउन खोजियो भने दुर्घटना अवश्यंभावी हुन्छ । यसैगरी मुख्यसचिवले पनि प्रधानमन्त्रीलाई आफ्नो विवेकले देखेको सल्लाह दिनुपर्छ। श्रेष्ठको निर्णय खारेजीको निर्णयले मुख्यसचिवको योग्यता र प्रधानमन्त्रीप्रतिको निष्ठा प्रश्न उठेको छ । आशा गरौं, आगामी निर्णयहरूमा यस्ता त्रुटि दोहोरिने छैनन् । प्रधानमन्त्री शाहले पनि आलाकाँचा सल्लाहकारहरूको भरमा होइन परिपक्व कर्मचारीहरूको सल्लाहमा शासन चलाउनुपर्ने शिक्षा ग्रहण गर्नेछन् ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विपन्न बालबालिकाहरूको सहारा बन्यो गाउँपालिका

पोखरापत्र संवाददाता
गोरखा, ९ भदौं

आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि विद्यालय शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले जिल्लाको सहिदलखन गाउँपालिकाले आवाससहित शिक्षा दिने व्यवस्था गरेको छ।

आफ्नो पालिका भित्रका विपन्न बालबालिकालाई लक्षित गरेर गाउँपालिकाले वडा नं ६ घैरुङ बाँसकोटस्थित हिमालय माविमा आवासहित पढ्न पाउने व्यवस्था गरेको हो । पालिकावासीलाई शिक्षाको अधिकार सुनिश्चित गर्न हिमालय माविमा आवासीय शिक्षाको व्यवस्था गरेको पालिकाका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो ।

"पालिकाभित्रका अनाथ, असहाय र आर्थिक रुपमा विपन्न बालबालिकाहरूलाई सुरक्षित आवाससहित गुणस्तरीय शिक्षा दिने उद्देश्यले छात्रावास सञ्चालनमा ल्याएका हौं', अध्यक्ष थापाले भन्नुभयो। हाल गाउँपालिकाको हिमालय माविस्थित छात्रावासमा १३ जना बालबालिकाहरू आश्रित छन् । उनीहरूको कक्षा १० सम्मको शिक्षा र पालनपोषण सबैकोजिम्मेवारीगाउँपालिकाले बेहोर्ने अध्यक्ष थापाको भनाइ छ । पालिकाभित्रका विपन्न बालबालिकाहरूका लागि आइतबारबाट सुरक्षित आवासीय शिक्षा सञ्चालनमा ल्याएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेन्द्र खनालले बताउनुभयो । उहाँका अनुसार विपन्न बालबालिकाका लक्षित आवासीय शिक्षा कार्यक्रममा लागि पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा रु १० लाख विनियोजन गरेको थियो। सोही रकमले हिमालय माविको रित्तो भवनमा छात्र र छात्राहरूका लागि छात्रावास, शौचालय र मेसको व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

"छात्रावास व्यवस्थापनको काम गत असारमै सकिएको थियो तर बर्खे बिदा र विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षाका कारण सञ्चालनमा ल्याउन ढिला भयो", उहाँले भन्नुभयो । गाउँपालिकाले २० जना बालबालिका क्षमताको छात्रावास सञ्चालनमा ल्याएको छ।

त य स ला इ' आवश्यकताअनुसार बढाउँदै लैजाने शिक्षा अधिकृत राजेन्द्र खनालले बताउनुभएको छ।

पारिवारिक अवस्थाका कारण अध्ययन गर्न नसकेका र संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई पालिकाले आवेदन माग गरी छनोट गरेको थियो । छनोट भएका बालबालिकाहरू अधिकांशको आमा, बुबा नभएका वा भएकाहरूले दोस्रो विवाह गरेका र पारिवारिक अपहेलनामा परेका रहेको पालिकाले जनाएको छ।

सहिदलखन गाउँपालिकाले सीमान्तकृत चेपाङ र बराम समुदायका बालबालिकाहरूको लागि सिंजाली माविमा छुट्टै आवासीय सुविधासहित पठनपाठन गर्ने तयारी गरेको छ । विद्यालयको भवन निर्माण कार्य सम्पन्न भए लगत्तै आगामी शैक्षिक सत्रबाट उक्त सेवा सञ्चालन गर्ने गाउँपालिकाका शिक्षा अधिकृत राजेन्द्र खनालको भनाइ छ।

# लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीको स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीले आफ्नो १५औँ स्थापना दिवस विशेष कार्यक्रम आयोजना गरी मनाएको छ । साइमन पार्टी प्यालेसमा लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५ का इमिडिएट पास्ट मल्टिपल काउन्सिल चियरपर्सन मिलन थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि थापाले १५ वर्षको अवधिमा लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीले देखाएको सक्रियताको प्रशंसा गरिन्। क्लबले डिष्ट्रिकमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको उल्लेख गर्दै उनले आगामी दिनमा अझ सक्रिय भएर सामाजिक सेवाका क्षेत्रमा काम गर्न आग्रह गरिन् । उनले क्लबको स्थापना दिवसको शुभकामनासमेत व्यक्त गरिन् ।

लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीका अध्यक्ष शान्ति सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा क्लब एक्स्टेन्सन चियरपर्सन राजेन्द्रबहादुर कार्की विशिष्ट अतिथिका रूपमा सहभागी थिए।

कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ जे नेपालका कोषाध्यक्ष पुरुषोत्तमप्रसाद पराजुली, लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीका संस्थापक अध्यक्ष बालकृष्ण बराल, पूर्वअध्यक्ष बसन्त गिरी, डिष्ट्रिक ३२५ जे नेपालका चिफ एडभाइजर सन्तोष घिमिरे, रिजन चियरपर्सन दामोदर बराल तथा सिर्जना चौतारीले स्पोन्सर गरेको नयाँ क्लब लायन्स क्लब अफ पोखरा सिर्जनशील चौतारीका संस्थापक अध्यक्ष इन्द्रप्रसाद पौडेललगायतले



शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

क्लबका प्रथम उपाध्यक्ष रमेश अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव कृष्णप्रसाद आचार्यले गरेका थिए। स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा तीज फेलोसिप कार्यक्रमसमेत आयोजना गरिएको थियो।

सो अवसरमा क्लब अध्यक्ष सिग्देलले आगामी भदौ २० गते पदस्थापना कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिइन्। कार्यक्रमको तयारी तीव्र पारिएको बताउँदै उनले नयाँ क्लबसमेत गरी कुल नौवटा क्लबको सहभागिता रहने जानकारी दिइन् ।

सिग्देलले क्लबले वर्षभरि विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रममार्फत आफ्नो सक्रियता बढाउने बताइन्। १५ वर्षअघि स्थापना भएको लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीमा हाल ५१ जना सदस्य रहेका छन् ।

क्लबको प्रायोजनमा विभिन्न अन्य लायन्स क्लबसमेत स्थापना भएको जनाइएको छ। स्थापना दिवसको अवसरमा संस्थापक अध्यक्ष बालकृष्ण बराललाई सम्मान अर्पण गरियो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला बडिगाड गाउपालिका वडा नं. २ निवासी भारतीय भू.पु.सै.नं. ६१७५६९P का सुबदार मेजर हनेरी लेफ्टिनेण्ट गन बहादुर थापाको श्रीमती डमर कुमारी श्रीसको नेपाली ना.प्र.नं. ५३२७/९०३ मा नाम थर डमर कुमारी श्रीस र जन्ममिती २०२०/०८/०६ भएको र श्रीमानको भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर कमला र जन्ममिती १९६२/०४/१५ भई फरक परेता पनि उल्लिखित दुई नाम थर भएको भनी बडीगाड गाउपालिका २ नं. वडा कार्यालय, बागलुङको च.नं. ७३९, मिति २०८३/०३/२६ गतेको पत्रबाट सिफारिश भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

## नामथर, जन्म मिति फरक पर्न गएको सूचना



लमजुङ जिल्ला साबिक गिलुङ गा.वि.स. वडा नं.-०९ हाल क्व्होलासोथार गाउँपालिका वडा नं.-९ निवासी भारतीय भू.पू. सैनिक नं. 5241453A HAV 4/3 नि.भार. स्व. भास बहादुर गुरुङको पत्नी रुप कुमारीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. १९५९) मा नामथर ज्यानु भन्ने रुप कुमारी गुरुङ (Jyanu Laias Rupa Kumari Gurung) र जन्म मिति वि.सं. २०११/११/०३ (ई.सं. १९५५-०२-१४) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर रुप कुमारी (Rup Kumari) र जन्म मिति वि.सं. २०११/१०/१८ (ई.सं. १९५५-०१-३१) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक-फरक नभई एउटै व्यक्ति भएको क्व्होलासोथार गाउँपालिका ९ नं. वडा कार्यालय च.नं. ४० मिति २०८३/०५/०१ को सिफारिस पत्रबाट देखिन आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय, कास्की

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९ गते

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/८४ को बार्षिक कार्यक्रम अन्तर्गत **एक महिला एक सीप कार्यक्रम अन्तर्गत उपकरण तथा मेसिन औजार खरिद** कार्यक्रमका लागि उद्यमी छनौट गर्नुपर्ने भएकाले प्रचलित कानुन बमोजिम महिलाहरुको नाममा दर्ता भएका व्यक्तिगत उद्योग, फर्म, कम्पनी वा समुह, संस्था, सहकारीले स्थापना गरेका उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजातसहित रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न राख्नुपर्ने कागजातहरू**

१, अनुसूची-८ बमोजिमको निवेदन
२, अद्यावधिक रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी
३, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०८२/८३ को करचुक्ता
४, अघिल्ला ५ आर्थिक वर्षमा कुनै पनि कार्यालयबाट प्रविधि वापतको अनुदान प्राप्त नगरेको स्वघोषणा
५, उद्योगको व्यवसायिक योजना (स्कीम)
६, उद्योग सन्चालनमा रहेको तथा प्रविधि आवश्यक रहेको ब्यहोरा खुलाइ वडाको सिफारिस
७, माग गरेको प्रविधिसँग सम्बन्धित स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन
८, गण्डकी प्रदेश उद्योग पर्यटन मन्त्रालयको बार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ को अनुसूची-१० मा उल्लेखित मूल्याङ्कनका आधारका लागि प्रमाण खुल्ने अन्य कागजातहरु

**पुनश्चः** निवेदन कार्यालयको वेभसाइट www. isokaski.gandaki.gov.np मा उपलब्ध हुनेछ । छनौट भएका उद्यमीलाई निजी उद्योगको हकमा १ लाख र समुह संस्था सहकारीले स्थापना गरेको उद्योग भए २ लाख ५० हजार रुपैया नबढ्ने गरी प्रविधि खरिद मूल्यको ५० प्रतिशत रकम अनुदान उपलब्ध गराइनेछ।

**थप जानकारीका लागि कार्यालयको फोन न ०६१-५७०२०४ मा सम्पर्क गर्न सकिनेछ।**

कार्यालय प्रमुख

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय, कास्की
पोखरा

## भूमि प्रशासन कार्यालय कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशन मिति २०८३/०५/०९

यसमा कास्की जिल्ला साविक सार्दीखोला ७ को हाल माछापुन्छ्रे गा.पा. वडा नं. २ बस्ने वसुवा गुरुङका नाती डम्मर सिं का छोरा राम गुरुङले मेरो नाममा दर्ता श्रेस्ता पुर्जा कायम रहेका तपसिलका कित्ता नं. का जग्गा रहेको जग्गाको श्रेस्ता र पुर्जामा नाम सार्की गुरुङ भएको र नागरीकतामा नाम राम गुरुङ भई फरक परेको हुदाँ नाम संसोधन गरी श्रेस्ता कायम समेत गरी पाउँ भनी द.नं ७६६ ग मिति २०८३/०५/०५ मा मागदावी सहितको माग निवेदन पर्न आएको हुदाँ सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ? तपसिलमा लेखिएका कित्ताको जग्गाहरु निवेदकले कोही कसैलाई बेच बिखन गरेको भए वा हक हस्तान्तरण गरेको भए वा अन्य कुनै कारणले नाम संसोधन नहुने कुनै कारण भए यो सूचना प्रकासन भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित आफु वा ऐनले दिन मिल्ने वारेस पठाई लिखत उजुर गर्नुहोला अन्यथा नियम अनुसार श्रेस्ताकायम संसोधन भई जाने व्यहोरा समेत सूचित गराईन्छ।

तपशिल

संसोधन/श्रेस्ता कायम माग गरीएका कित्ताका जग्गाहरु

| गा.वि.स. | वडा नं. | कित्ता नं. | किसिम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| सार्दीखोला | ९ | २९<br>३०९<br>३४८<br>५७४<br>६६३ | पाखो दोयम<br>पाखो दोयम<br>पाखो दोयम<br>पाखो दोयम<br>पाखो दोयम | ०-८-२-०<br>१-१-०-२<br>०-९-०-३<br>०-१०-१-१<br>०-१०-१-१ | ज.ध. प्रमाण पुर्जा र Irims मा नाम सार्की गुरुङ र नागरीकतामा नाम राम गुरुङ रहेको हुदाँ सार्की गुरुङ संसोधन भई राम गुरुङ हुने |

# बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजना निर्माण सम्पन्न : विद्युत उत्पादन परीक्षण जारी

**सन्तोष गौतम**
म्याग्दी, ९ भदौ/रासस



म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ। नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको भौतिक निर्माण र उपकरण जडानको काम सकिएको हो। रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले राहुघाट जलविद्युत् आयोजना विद्युत् उत्पादनको तयारीमा रहेको जानकारी दिनुभयो। "बाँध, डिसेन्डर, सुरुङ, स्विचयार्डको परीक्षण सफल भइसकेको छ," उहाँले भन्नुभयो "२० मेगावाट क्षमताको एक वटा 'युनिट'को परीक्षण पनि सकिएको छ। अर्को २० मेगावाटको युनिटको पनि आइतबारदेखि परीक्षण थालिएको छ।" एक हप्तादेखि १० दिनसम्म परीक्षण गर्न लाग्ने र त्यसपछि विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यसहित तीव्र गतिकाम साथ काम भइरहेको प्रबन्धक केसीले जानकारी दिनुभयो। रघुगङ्गा -४ दग्नाम र वडा नं ५ फ्रिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुई पानी थिग्र्याउने पोखरीको परीक्षण भइसकेको छ। तिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम सकेर जडान भएका उपकरणहरूको परीक्षण थालिएको हो। आयोजनाबाट उत्पादित विद्युत् लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि विद्युत्गृह परिसरमा निर्माण भएको स्विचयार्ड गत जेठ २५ गतेदेखि सञ्चालनमा आएको छ। भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो। सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोभेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो। चौथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न हुन लागेको हो। कोरोना महामारी, बाढी, पहिरो जस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो। भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो। भारतीय आयात निर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्स्ट्रक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो। आइभिआरसिएलसँग विसं २०६६ मा ठेक्का सम्झौता भएको थियो।

म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठका अनुसार जिल्लामा सबैभन्दा पहिले र सरकारी लगानीमा सञ्चालन भएको राहुघाटलाई जलविद्युत् विकासको 'गेटवे' (प्रवेशविन्दु) मानिएको थियो। "राहुघाट सुरु भएपछि म्याग्दी भित्रिएका १० वटा आयोजना सम्पन्न भइसकेको छन्," उहाँले भन्नुभयो, "ढिलै भए पनि दुई दशकको प्रतीक्षापछि राहुघाट जलविद्युत् आयोजना सम्पन्न भएको खबरले हामीलाई उत्साहित बनाएको छ।"

पछिल्लो पटक छनौट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो। यस आयोजनाले वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो।

राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ। चार टावर र प्रसारण लाइन पनि बनिसकेको छ।

# दीपशिखाले पुस्तकालय दिवसमा त्रिदिवसीय कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
लेखनाथ, ९ भदौ

पोखरा महानगरपालिकावडा नं २९ मा अवस्थित दीपशिखा सामुदायिक पुस्तकालयले "बाल युवा र वृद्ध : पुस्तकालय सबैको गन्तव्य" भन्ने आदर्श वाक्यका साथ भदौ १५ मा मनाउन लागिएको १९ औं पुस्तकालय दिवसको अवसर पारेर त्रिदिवसीय कार्यक्रम गर्ने भएको छ।

कार्यक्रम अन्तर्गत १३ गते शनिवार पाठक अन्तक्र्या एवम् परिचर्चा, १४ गते प्रभातफेरी र पुस्तकालयको महत्व वारेमा मा.वि (९–१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता तथा १५ गते दीप प्रज्ज्वलन कार्यक्रम गरी समापन हुने भएका छन्। पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा भएको कार्य समिति बैठकले उक्त निर्णय गरेको हो। सबैको साथ र सहयोगले कार्यक्रम सफल हुने अपेक्षा गरेको कोषाध्यक्ष माधव भण्डारीले बताए। कार्यसमिति सदस्य विष्णुहरि पौडेलको संयोजकत्वमा कार्यक्रमको तयारी अगाडि बढाइएको उनले बताए।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना

गण्डकी प्रदेश बागलुङ जिल्ला बडिगाड गाउपालिका वडा नं. ०२ निवासी भारतीय भू.पू. सैनिक नं. १९३९३३N जस बहादुर थापाले आफ्नो तपशिल अनुसारको पारिवारिक विवरण प्रमाणित गरिपाउँ भनि निज स्वयंले यस कार्यालयमा निवेदन दिनुभएकोमा बडीगाड गाउपालिका २ नं. वडा कार्यालय च.न.१२० मिती २०८३/०५/०४ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

तपसिल

| क्र.स. | नेपाली ना.प्र.प.को नाम थर | पेन्सन अभिलेखकोनाम थर | नाता सम्बन्ध | नेपाली ना.प्र.प. को जन्म मिति | पेन्सन अभिलेखको जन्ममिति | विवाह मिति |
|---|---|---|---|---|---|---|
| १ | जस बहादुर श्रीस | जस बहादुर थापा | पेन्सनर | २००८।०९।११ | | २०२०।१०।२२ |
| २ | पोबि श्रीस | पूर्णमाया थापा | श्रीमती | २०१६।०१।१० | १९५९।०३।१९ | २०२०।१०।२२ |
| ३ | जित बहादुर थापा | सोनम श्रीस | छोरा | २०३८।०७।१८ | | बिबाहित |
| ४ | मिता कुमारी थापा | | छोरी | २०४४।०३।२० | | बिबाहित |
| ५ | आशिष थापा | | छोरा | २०६०।०४।०१ | | अबिबाहित |



प्रमुख जिल्ला अधिकारी


# त्रिवेणी इन्टरनेशनलमा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भदौं



पोखरा महानगरपालिका वडा नं २७, तालचोकमा रहेको त्रिवेणी इन्टरनेशनल कलेजमा नयाँ शैक्षिक सत्रमा बिविएस प्रथम वर्षमा भर्ना भएका नवागन्तुक विद्यार्थीहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

उच्च शिक्षाको नयाँ यात्रामा प्रवेश गरेका विद्यार्थीलाई कलेजको शैक्षिक वातावरण, अध्ययन-अनुशासन, जिम्मेवारी, अवसर तथा भविष्यका चुनौतीबारे जानकारी दिने उद्देश्यले अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको क्याम्पस प्रमुख डिल्लीराम पौडेलले बताए। कार्यक्रममा शिक्षा क्षेत्रमा सक्रिय, प्रेरणादायी र गतिशील व्यक्तित्व मिलन केसीले प्रमुख वक्ताका रूपमा विद्यार्थीहरूलाई सम्बोधन गर्दै विद्यार्थी जीवनलाई भविष्य निर्माणको सबैभन्दा महत्वपूर्ण चरणका रूपमा लिन आग्रह गरे। उनले बदलिँदो विश्व परिवेश, प्रविधिको तीव्र विकास तथा कृतिम बुद्धिमताको बढ्दो प्रभावले रोजगारी र पेशागत क्षेत्रमा नयाँ चुनौती सिर्जना गरिरहेको चर्चा गर्दै केवल औसत उपलब्धीमा सीमित नभई औसतभन्दा माथिको जीवन र सफलताका लागि अतिरिक्त मेहनत, निरन्तर सिकाइ, सिर्जनशीलता, अनुशासन र सकारात्मक सोच आवश्यक रहेको बताए। उनले आजको प्रतिस्पर्धात्मक संसारमा प्रमाणपत्र मात्र पर्याप्त हुँदैन; आफ्नो क्षमता, सीप, चरित्र, आत्मविश्वास र निरन्तर सिक्ने बानी विकास गर्न सक्ने विद्यार्थी नै भोलिको चुनौती सामना गर्न सक्षम हुन्छ भन्ने सन्देश सहित विद्यार्थीहरूलाई आफ्नो लक्ष्यप्रति स्पष्ट, मेहनती र प्रतिबद्ध बन्न प्रेरित गरे। कार्यक्रमका सभाध्यक्ष तथा कलेज सञ्चालक समितिका अध्यक्ष सुमन भट्टराईले विद्यार्थीको शैक्षिक विकाससँगै उनीहरूका विविध आवश्यकता र समस्याप्रति कलेज सदैव संवेदनशील रहेको बताए। उनले आर्थिक तथा शैक्षिक रूपमा आवश्यक सहयोग, छात्रवृत्ति तथा विद्यार्थीका समस्या समाधानका लागि कलेज व्यवस्थापन प्रतिबद्ध रहेको स्पष्ट पार्दै विद्यार्थीलाई कलेज परिवारको अभिन्न सदस्यका रूपमा अनुभूति हुने वातावरण निर्माण गरिने उल्लेख गरे।

क्याम्पस प्रमुख डिल्लीराम पौडेलले सम्पूर्ण नवागन्तुक विद्यार्थी तथा कार्यक्रममा उपस्थित अतिथिहरूलाई स्वागत तथा सम्मान व्यक्त गर्दै त्रिवेणी इन्टरनेशनल कलेज रोजेर आफ्नो उच्च शिक्षाको यात्रा प्रारम्भ गरेकोमा विद्यार्थीहरूप्रति आभार व्यक्त गरे। कलेजमा विद्यार्थी केवल पढ्न मात्रै आउने होइनन्, आफ्नो भविष्य निर्माण गर्न आउने हुन्। त्यसैले उनीहरूको प्रतिभा पहिचान, क्षमता विकास र सफल भविष्य निर्माणका लागि कलेज सदैव सहयात्री बन्नेछ भन्दै प्रमुख पौडेलले विद्यार्थीका शैक्षिक तथा व्यक्तिगत अपेक्षा पूरा गर्न कलेजको तर्फबाट सम्भव भएसम्म उत्कृष्ट प्रयास गरिने प्रतिबद्धता व्यक्त गर्दै अध्ययनका साथै अनुशासन, संस्कार, सीप र सकारात्मक सोचलाई प्राथमिकता दिन विद्यार्थीहरूलाई आग्रह गरेका थिए।

कार्यक्रममा नवागन्तुक विद्यार्थीहरूका तर्फबाट रोशनी भट्टराई, मनिस रानाभाट, शिल्पा न्यौपाने र सुष्मा माजकोटीले मन्तव्य व्यक्त गर्दै कलेजमा अध्ययन गर्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै अनुशासित भएर अध्ययनलाई अगाडि बढाउने प्रतिबद्धता जनाए। उनीहरूले अभिमुखीकरण कार्यक्रमले कलेजको वातावरण, अध्ययन पद्धति तथा आगामी शैक्षिक यात्राबारे थप स्पष्टता र आत्मविश्वास प्राप्त भएको धारणा राखेअभिमुखीकरण कार्यक्रमले नयाँ विद्यार्थीहरूलाई त्रिवेणी इन्टरनेशनल कलेजको शैक्षिक संस्कृति, अवसर, जिम्मेवारी र अनुशासनसँग परिचित गराउँदै उच्च शिक्षाको यात्रालाई लक्ष्यपूर्ण, सिर्जनशील र उपलब्धिमूलक बनाउने महत्वपूर्ण आधार प्रदान गरेको अधिकांश वक्ताहरूले धारणा राखेका थिए।कार्यक्रमको सञ्चालन कलेजका सहायक क्याम्पस प्रमुख सुनिलदत्त बरालले गरेका थिए।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना

गण्डकी प्रदेश बागलुङ जिल्ला बडिगाड गाउँपालिका वडा नं. २ निवासी भारतिय भु.सै.नं. ४०६५३५७ सुवेदार हरि वहादुर क्षेत्रीले पेन्सन प्रयोजनका लागि आफ्नो पारिवारिक विवरण प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा बडिगाड गाउँपालिका, २ नं. वडा कार्यालय, खर्वाङ, बागलुङको च.नं. ९५, मिति २०८३/०४/२७ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहेको भनी सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

तपसिल

| क्र.स. | नेपाली ना.प्र.प.को नाम थर | पेन्सन डकुमेन्टमा भएको नाम थर | नाता | नेपाली नागरिकतामा भएको जन्म मिति | पेन्सन अभिलेखमा भएको जन्ममिति AD | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हरि वहादुर क्षेत्री | हरि वहादुर | निवेदक (पेन्सनर) | २०२०।०५।२० | १९६४।०२।१२ | २०४३।११।२९ | अपाङ्गा नभएको |
| २ | नुन कली क्षेत्री (शान्ति देवी) | शान्ती देवी क्षेत्री | श्रीमती | २०२६।१२।१४ | १९६८।०१।१० | २०४३।११।२९ | अपाङ्गा नभएको |
| ३ | कल्पना घिमिरे रायमाझी | कल्पना | छोरी | २०४५।०९।०८ | १९८८।१२।२२ | २०६२।११।१९ | अपाङ्गा नभएको |
| ४ | सुमित्रा घिमिरे खत्री | सुमित्रा | छोरी | २०४७।११।१६ | १९९१।०२।२८ | २०६८।०६।२९ | अपाङ्गा नभएको |
| ५ | सागर क्षेत्री | सागर क्षेत्री | छोरा | २०५६।०३।२९ | १९९८।०७।१३ | २०८३।०१।०७ | अपाङ्गा नभएको |



प्रमुख जिल्ला अधिकारी



HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0610002002 | कृष्णप्रसाद पराजुली | पोखरा-२३, कास्की |
| २ | Gli 0610002386 | रबिचन्द्र पोखरेल | गितानगर-५, चितवन |
| ३ | Gli 0610002384 | कृष्णाकुमारी पोखरेल | गितानगर-५, चितवन |
| ४ | Gli 0610002415 | आर्यन पोखरेल | गितानगर-५, चितवन |
| ५ | Pli 1610003612 | अमृत गुरुङ | अन्नपूर्ण-११, कास्की |



# श्री सैनिक आवासीय महाविद्यालय फूलबारी, पोखरा

## चमेना क्यान्टिन संचालनको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०८३/०५/१० गते)

१. यस महाविद्यालयको लागि चमेना क्यान्टिन संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| सि. नं. | सूचना नं. | विवरण | पेश गर्नुपर्ने दरभाउपत्र जमानत | फाराम दस्तुर ने.रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | | चमेना क्यान्टिन | रु. ५०,०००।- | १०००।- | २०८३/०५/१० गते सैनिक आवासिय महाविद्यालय पोखरा कार्यालय समय भित्र | २०८३/०५/१७ गते १२:०० बजेसम्म | २०८३/०५/१७ गते १३:०० बजे |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ। थप जानकारीको लागि श्री सैनिक आवासीय महाविद्यालय, पोखरा फोन नः ०६१-५७७७४६।
३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ।
४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ।
५. उल्लेख भएअनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन :
(क) बैंकको नामः हिमालयन बैंक लिमिटेड, पोखरा (ख) धरौटी खाता नं. ०१६२४९५८३००२४
(ग) खाता संचालकको नामः सैनिक आवासीय महाविद्यालय, पोखरा।
६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ।